विषालु च्याउबाट जोगिऔं ।
जङ्गली च्याउहरू विषालु पनि हुन सक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं ।
खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं,
जीवन सुरक्षित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com


Kirloskar
Oil Engines
डिजल पम्प
रोटाभेटर
अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ साउन २८ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 August 13 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३४६

## मैत्री-सूत्र बन्धन कार्यक्रम सम्पन्न

राजेश केशरीवाल, रक्सौल, २७ साउन/

नेपाल–भारत सहयोग मञ्चको आयोजनामा शुक्रवार शङ्कराचार्य गेटमा


तस्वीरः प्रतीक

मैत्री–सूत्र बन्धन कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमका अध्यक्ष नेपाल–भारत सहयोग मञ्चका अध्यक्ष अशोककुमार बैदले यो वर्ष नेपाल–भारत सहयोग मञ्चको रजत महोत्सव भएकोले विभिन्न कार्यक्रम गरी मनाउँदै आएको बताए । उनले दुई देशबीचको सम्बन्ध पूर्वजको साक्षीको विरासत भएको र यो विश्वको लागि उदाहरणीय रहेको बताए ।

अध्यक्ष वैधले नेपाल–भारत सम्बन्ध गङ्गा नदी जस्तै पवित्र भएको र दुई देशबीचको सम्बन्धले दुनियाँभरिमा राम्रो सन्देश पुगेको बताए ।

कार्यक्रममा बिहारकी उपमुख्यमन्त्री रेणु देवी, सांसद सञ्जय जयसवाल, वीरगंज महानगरका प्रमुख राजेशमान सिंह, नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य अजय चौरसिया, प्राडा अनिल सिन्हा, वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत नितेश कुमारलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## विद्यार्थीहरूले प्रहरी जवानलाई राखी बाँधे

प्रस, रक्सौल, २७ साउन/

अमृत महोत्सवको अवसरमा ४७औं बटालियन र सीमा जागरण मञ्चको आयोजनामा रक्षाबन्धन कार्यक्रम मनाइएको छ ।


तस्वीरः प्रतीक

भूमि पतन प्राधिकरणमा आयोजित कार्यक्रममा क्याम्ब्रिज स्कूलका बालिकाहरूले जवानहरूलाई रक्षाबन्धन लगाएका थिए ।

कमान्डेन्ट विकाश कुमार, प्राधिकरणका प्रबन्धक प्रवीण कुमार, प्रो राजकिशोर सिंह, सीमा जागरण मञ्चका प्रमुख महेश अग्रवाल, जिल्ला अध्यक्ष सुरेश कुमार, भाजपाका नेता राजकुमार गुप्ता, विजय गिरीलगायतलाई रक्षाबन्धन लगाइएको थियो ।

कार्यक्रमपश्चात् सहभागीहरूले तिरङ्गा यात्रा निकालेका थिए ।

## ब्रह्मकुमारीले राखी बाँधेर पर्व मनायो

प्रस, जीतपुर, २७ साउन/

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, सिमराले रक्षाबन्धन पर्व धूमधामसँग


तस्वीरः प्रतीक

मनाएको छ ।

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, सिमराले औराहा औद्योगिक क्षेत्र, विमानस्थल, अस्पताल, इलाका प्रहरी सिमरा, सिमरा सुधार केन्द्रलगायत ठाउँमा समाजका अगुवा, अग्रजहरूलाई राखी बाँधेर पर्व मनाएको हो ।

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, सिमराकी प्रभारी ब्रह्माकुमारी मधु दिदीले पवित्र स्नेहको प्रतीक रक्षाबन्धन पर्वमा दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर सनातन संस्कृति तथा मानवीय मूल्यलाई उजागर गर्ने र भाइबहिनीबीचको पवित्र वैश्विक नातालाई अटुट बनाउने परमात्माको उपहार भएको बताइन् ।

उनले राखी बाँध्नुभन्दापूर्व दिदीबहिनीले दाजुभाइलाई निधारमा टीका लगाउँदा शुद्ध, शीतल र सुगन्धित जीवन जिउने प्रेरणा दिने बताइन् ।

राखी दायाँ हातमा बाँध्ने गरिन्छ, जसले सकारात्मक चिन्तन र श्रेष्ठ कर्म गर्ने प्रेरणा प्राप्त हुने र आत्मा नकारात्मक परिस्थितिहरू तथा दुःखी र अशान्त हुनबाट सुरक्षित रहने उनले बताइन् ।

उनले राखी बाँधेर मिठाइ खुवाउनुको पछाडि पनि मनलाई र आपसी सम्बन्धलाई मीठो र मधुर बनाउनु रहेको बताउँदै रक्षाबन्धन पर्वको यथार्थ आध्यात्मिक रहस्यलाई बुझेर पावन पर्व मनाइँदै आएको प्रस्टयाइन् ।

## फोनिजको स्थापना दिवसमा रक्तदान

प्रस, वीरगंज, २७ साउन/

नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज)को २३औं स्थापना दिवसको अवसरमा शुक्रवार रक्तदान




तस्वीरः प्रतीक

कार्यक्रम सम्पन्न भएको छ ।

रक्तसञ्चार केन्द्र वीरगंजमा आयोजित कार्यक्रममा एकजना महिलासहित ११ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्रकी प्राविधिक डिल्लीमाया घिमिरेले बताइन् ।

सञ्जु आले, अजितकुमार भुजेल, मुनेश लायोमगर, राम मण्डल, दिपेन्द्र चौधरी, सञ्जय दास थारू, शम्भु दास थारू, सुजितकुमार भुजेल, कुमार कार्की, स्वागतम चौधरी, मनीषराय चौधरीलगायतले रक्तदान गरेका थिए ।

फोनिज पर्साका अध्यक्ष अजितकुमार भुजेलको अध्यक्षता तथा वीरगंज महानगरका प्रमुख राजेशमान सिंहको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा फोनिजका केन्द्रीय सदस्य नीरज पिठाकोटे मगर, जगत राई, प्राडा दीपक शाक्य, वप्रका बिर्ताका प्रनि विशाल मल्ल, सामुदायिक सेवा केन्द्र, छपकैयाका अध्यक्ष ग्याँसुद्दीन ठकुराई, सामाजिक कार्यकर्ता प्रकाश थारूलगायतको सहभागिता थियो ।

## अमृत महोत्सवमा तिरङ्गा गौरव पदयात्रा

प्रस, रक्सौल, २७ साउन/

भारत आजादीको ७५औं अमृत महोत्सवमा रक्सौलमा तिरङ्गा गौरव पदयात्रा सम्पन्न भएको छ ।

किसान नेता एवं स्वतन्त्रता सेनानी चौधरी चरण सिंहको मूर्तिमा जिल्ला काङ्ग्रेस कमिटीका अध्यक्ष शैलेन्द्र शुक्लले माल्यार्पण गरेर पदयात्राको शुभारम्भ गरेका थिए ।

रक्सौल–आदापुर १५ किलोमिटर पदयात्रा गरिएको थियो र आदापुर काङ्ग्रेस कार्यालयमा कोणसभा गरी समापन भएको थियो । कोणसभामा बिहार प्रदेश युवा काङ्ग्रेसका महासचिव प्रा अखिलेश दयालले भारतको आजादीको लडाइँमा योगदान दिएका नेताहरूले पहिल्याएको कदममा सबैजना हिंड्नुपर्ने बताए ।

उनले वर्तमान सरकार तानाशाही भएको आरोप लगाउँदै मोदी सरकारले रोजगार दिने घोषणा गरेर धेरैजनाको रोजगार खोसेको बताए । काङ्ग्रेसका जिल्ला उपाध्यक्ष हफिज अन्सारीले काङ्ग्रेस (आई)का अध्यक्ष सोनिया गाँधीको आह्वानमा काश्मीरदेखि


तस्वीरः प्रतीक

कन्याकुमारीसम्म भारत जोडो कार्यक्रम अन्तर्गत देशका सबै प्रदेशमा पदयात्रा कार्यक्रम आयोजना गरिएको बताए । जिल्ला महासचिव अनिलकुमार गुप्ताले बिहारका ३८ जिल्लामा पदयात्रा आयोजना भएको र यसबाट वर्तमान सरकार तिर्मिराएको बताए ।

आदापुर काङ्ग्रेस कमिटीका अध्यक्ष लालबाबू सिंहले आगामी आमचुनाव २०२४ मा काङ्ग्रेस सरकार बन्ने र त्यसको नेतृत्व राहुल गाँधीले गर्ने बताए ।

कार्यक्रममा रामगढवा काङ्ग्रेसका नेता दीपक भारती, छौडादानो प्रखण्डका अध्यक्ष कुमार बब्लु, रामगढवा प्रखण्डका अध्यक्ष सञ्जय पाण्डेलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## पतिद्वारा पत्नीको हत्या

प्रस, वीरगंज, २७ साउन/

वीरगंज महानगरपालिका–२३ इटियाही निवासी २६ वर्षीय दिनेश गरिएको र उनले प्रहरीसमक्ष हत्या स्वीकारेको बताए । दिनेशले प्रहरीलाई दिएको प्रारम्भिक बयानमा टोलकै



घटनाबारे छानबीन गर्न पुगेको प्रहरी टोली । तस्वीरः प्रतीक

यादवले २३ वर्षीया पत्नी प्रतिमाकुमारी यादवको घाँटी थिचेर हत्या गरेको प्रहरीले जनाएको छ ।

दिनेशले शुक्रवार बिहान ४ बजे पत्नी प्रतिमाको घाँटी थिचेर हत्या गरेको प्रहरीसमक्ष स्वीकार गरेको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रह्लाद कार्कीले बताए । उनले पत्नीको हत्या गरेका दिनेशलाई घरबाटै पक्राउ एकजना युवकसँग पत्नीको अवैध सम्बन्ध रहेको आशङ्कामा हत्या गरेको बताए । दिनेश र प्रतिमाको २०७८ वैशाखमा बिहे भएको थियो । प्रतिमा पाँच महीनाकी गर्भवती रहेको माइत पक्षले जनाएको छ । प्रतिमाको शव शल्यपरीक्षणको लागि नारायणी अस्पताल लगिएको र बाँकी तथ्य शल्यक्रियाको रिपोर्ट आएपछि थाहा हुने प्रहरीले जनाएको छ ।

## विद्यालय भवनको शिलान्यास

प्रस, पोखरिया, २७ साउन/

बहुदरमाई नगरपालिका–४ स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय,


तस्वीरः प्रतीक

बहुअरी पिडरीमा भवन निर्माणका लागि शिलान्यास भएको छ ।

विद्यालयको आठ कोठे भवन निर्माणका लागि नगरप्रमुख सिंहासन साह तेलीले शिलान्यास गरेका हुन् ।

नगरप्रमुख तेलीले विद्यालय भवन निर्माणका लागि वीरगंजको अहाना कन्स्ट्रक्शनले एक करोड तीन हजार रुपैयाँमा ठेक्का सकार गरेको बताए । जिल्ला समन्वय समिति, पर्साको रु ६० लाख र नगरपालिकाको रु ४० लाख लगानीमा विद्यालय भवन निर्माण गरिने उनले बताए ।

कार्यक्रममा वडाध्यक्ष सुरेन्द्रप्रसाद यादव, कार्यपालिका सदस्य रामरेखा सिंह राजपूत, स्थानीय बुद्धिजीवी राजेन्द्रप्रसाद यादव, विपिन यादव, जयनारायण साह, इन्जिनीयर विनेशकुमार साह, ईश्वरदेव यादव, सबइन्जिनीयर मोहम्मद आरिफलगायतको सहभागिता थियो । भवन निर्माण कार्य आगामी मङ्सिर महीनामा सम्पन्न हुने बताइएको छ ।

## विचारसार र सूक्तिहरू

**सोचको मात्र फरक हुन्छ नत्र समस्याले हामीलाई कमजोर होइन, मजबूत बनाउँछ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# दायित्वविहीन सेवाग्राही

**दायित्वविना उपयोग खोजे दीर्घकालीन हुन सक्दैन । आफ्नै बारी छ, तर किसानले परिश्रम गर्नुपर्ने दायित्व पूरा नगरे अन्न फल्दैन । अन्न नफले भोकै भइन्छ । हरेक व्यक्तिले निर्वाह गर्नुपर्ने आआफ्नो दायित्व तथा जिम्मेवारी छ । परिवारप्रतिको दायित्व, त्यसैगरी समाज र राष्ट्रप्रतिको दायित्व नागरिकका न्यूनतम दायित्वहरू हुन् । यो जहाँ गए र जे गरे पनि सँगसँगै जोडिएर आउँछ । त्यसैगरी, आफू कार्यरत संस्था वा सङ्गठनप्रतिको दायित्व, सेवा उपयोग गरेबापतको दायित्व मुख्यरूपमा आउँछ । यी दायित्व तथा जिम्मेवारीहरू पूरा नगर्ने हो भने तत्काललाई जेसुकै बहानाले टारे पनि अन्ततः त्यसको नकारात्मक असर आफैंले भोग्नुपर्ने हुन्छ । हाम्रो समाजमा सेवा लिने तर दायित्वबाट भने भाग्ने प्रवृत्ति हाबी हुँदैछ । करीब तीन दशकयता हामीमा विकृति बढेको छ । स्वतन्त्रतालाई अराजकता, अनुशासनहीनता र दायित्वविहीनतातर्फ धकेल्ने दुष्प्रयास भइरहेका छन् । 'जनश्रम' भन्ने शब्द अब शब्दकोषमा मात्रै सीमित हुने हो कि भन्ने चिन्ता छ ।**

**'हिंड्नुभन्दा पहिले बाटो बनाउन सक्नुपर्छ' भन्ने हाम्रा पुर्खाको अर्ती आजका पुस्ताले बुझ्दैनन् । 'विनापरिश्रम (दायित्व)को उपभोग हराम हो' भन्ने बाउबाजेको कथनलाई आजकाहरू बकवास ठान्छन् । चाडपर्व नजीकिंदा गाउँ, टोल, बाटो, चोक एवं सार्वजनिक स्थलहरूको सरसफाइ तथा मरम्मतसम्भार गर्न जुट्ने हातहरू अब जुट्दैनन् । आफूले बनाउनु त कता हो कता अरूले स्थापना गरिदिएका सार्वजनिक सम्पत्तिको संरक्षण गर्नसमेत मरेको जुनी छ । सरकारले बनाइदिएको पक्की सडकमा शहरियाहरू बिहेको पण्डाल गाड्न खाल्डो खन्छन् । उता ग्रामीण क्षेत्रकाहरू खेतीको क्रममा सडक किनाराको माटो खन्ने, जता पाए त्यसैबाट ट्याक्टर खेतमा ओरालेर सडकलाई क्षति पुर्‍याउने, सडकमा बिस्कुन सुकाउने, चौपाया बाँध्ने जस्ता गैरजिम्मेवार काम गरिरहेका छन् । सडक मेरो हो भन्ने भावना नभई सरकारको हो, मैले जे गरे पनि हुन्छ भन्ने गलत बुझाइ छ । यो प्रवृत्तिले अन्ततः आफ्नै खुट्टामा बन्चरो हान्ने हो । हिजो सडक नहुँदाको बिजोग, आज बिर्सियो । भोलि त्यो सडक बिग्रिएर गएपछि मरम्मतसम्भार भगवान् भरोसे हो । तबसम्म बिग्रिएको सडक, हिलाम्य र धूलाम्मे, सडक दुर्घटना, यात्रा विलम्बलगायतका समस्या सबैभन्दा पहिले उही स्थानीयले भोग्न बाध्य हुन्छन् ।**

**सिसिटिभी क्यामराको कथा पनि यस्तै हो । हिजो नगरमा सिसिटिभी आउनुभन्दा पहिले अपराधीको साम्राज्य थियो । सिसिटिभीको कारण हिजोको अपराधको अवस्थाबाट नागरिकले आज ठूलो राहत पाएका छन् । टिभी बिग्रिएर नचले पनि अपराधीको मनमा त्रास सिर्जना गरिरहेको हुन्छ । कतिपय घटनामा सिसिटिभीकै माध्यमबाट अपराधी पहिचान गर्न सफल भएका छन् । पहिचान हुन नसके पनि फुटेज बाहिरिएपछि अपराधीहरू त्राहिमाम हुन्छन् र उनीहरूको मनोबल खस्कन्छ । बाराको निजगढमा एकताका सवारीसाधनको ब्याट्री चोर्ने गिरोहले हैरान पारेको थियो । सिसिटिभीको कारण न्यूनीकरण भएको हो । सरकार वा दातृ निकाय जसले जडान गरिदिए पनि त्यसको संरक्षणको जिम्मेवारी स्थानीयले लिन सक्नुपर्छ । सरकारी निकायको स्वामित्वमा रहेको छ भने पनि सञ्चालनमा छ या छैन, अवस्था बुझेर सुझाव र दबाब दिने दायित्व सेवाग्राहीको हो ।**

# नेपालमा कम्युनिस्ट आन्दोलन अझै बामे सर्दैछ

स्वतन्त्र विचार



**बैधनाथ श्रमजीवी**
baidhnath2071@gmail.com

**दश वर्षको जनयुद्धले नेपाली समाजको पिंधमा रहेको सामन्तवादलाई भताभुङ्ग पार्नेगरी हल्लाइदियो । प्रतिक्रियावादी वर्गबीच अन्तर्विरोधलाई सबैभन्दा बढी थर्काइदियो । यसले विश्वव्यापी रूपमा श्रमिक वर्गमा आशा र उत्साहको सञ्चार गर्‍यो ।**

नेपालमा कम्युनिस्ट पार्टी स्थापना भएको ७३ वर्ष भइसकेको छ । एउटा मानिसको जीवनसँग तुलना गर्ने हो भने कम्युनिस्ट नामको त्यो बालक जसको जन्म पौने एक सय वर्ष पहिले भएको थियो अर्थात् त्यो यति बेला ७३ वर्षीय बूढो भइसकेको छ तर यसको विकासको कुरा गर्ने हो भने आझै पनि नेपालमा कम्युनिस्ट आन्दोलन बामे सर्दैछ । आफ्नो खुट्टामा राम्ररी उभिन पनि सकेको छैन । वि.सं. २००६ सालमा पुष्पलालको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टीको गठन एउटा युगान्तकारी घटना थियो । राणा परिवारद्वारा नेतृत्व गरिएको शासनलाई अन्त्य गर्ने सङ्घर्षमा पार्टीले सक्दो भूमिका निर्वाह गर्‍यो । तर प्रथम महाधिवेशनसम्म पनि नपुग्दै पुष्पलाललाई मुख्य नेतृत्वको पदबाट हटाइयो र कुनै ठोस दृष्टिकोण नभएका मनमोहन अधिकारी महासचिव बन्न पुगे । सिद्धान्तकारका रूपमा, सङ्गठनका रूपमा, सांस्कृतिक रूपमा, उत्पीडित राष्ट्र एवं शहीद परिवारबाट विकास भएका र ऐतिहासिक पहलकर्ताका रूपमा रहेका अनि गलत काममसमेत नगरेका पुष्पलाललाई प्रथम महाधिवेशनबाट नेतृत्व नदिनुमा कुनै ठोस कारण देखिन्न । उनी भन्दा राजनीतिकरूपमा तीखो र प्रतिभासम्पन्न मनमोहन अधिकारी अघि वा पछि कहिल्यै भएनन् । तापनि पुष्पलाललाई नेतृत्व दिइएन । विनाकारण संस्थापक महासचिवलाई नेतृत्व नदिने त्यो परिघटना वास्तवमा कम्युनिस्ट आन्दोलनमा खस–आर्य उच्च जात तथा जातिवादको निर्णायक प्रवेशबाहेक अरू केही थिएन । त्यसपछि आजसम्मको कम्युनिस्ट आन्दोलनमा अपवादबाहेक मुख्य नेतृत्वमा एक जाति आर्य खस र दुई जात बाह्मण–क्षत्रीबाट मुख्य नेतृत्वले निरन्तरता पाउनु भनेको संयोग मात्रै हुन सक्दैन, बरु कम्युनिस्ट आन्दोलनभित्र जबर्जस्त रूपमा डेरा जमाएको जात व्यवस्थाले त्यसका निम्ति गतिलो आधारभूमि कायम राखेको प्रस्ट देखिन्छ । महिलाको सन्दर्भमा पितृसत्तावादले त्यही भूमिका खेल्दै आएको जगजाहेर छ । यसबीच केही अपवाद पनि रहे, ती चाहिं संयोगका कारण बन्न पुगेका थिए ।

निर्मल लामा २००७ सालको परिवर्तनका अभियन्ताका रूपमा ठूलो व्यक्तित्वको रूपमा स्थापित भएर, कम्युनिस्ट आन्दोलनमा प्रवेश गरेका थिए । रूपलाल विश्वकर्मा विलक्षण प्रतिभा र चिनियाँ सर्वहारा सांस्कृतिक क्रान्तिको प्रभावबाट कम्युनिस्ट बनेका उन्नत चेतनाका युवा कम्युनिस्टहरूको साथका कारण प्रमुख नेतृत्व बन्न सकेका थिए । नारायणमान बिजुक्छे चाहिं मूल रूपमा खास भूगोल र त्यस भूगोलको खास समुदायको नेताको रूपमा प्रमुख नेतृत्वमा रहन पुगेको स्थिति हो । तुलसीलाल अमात्य महासचिव चुनिए पनि कसैले मानेन र कम्युनिस्ट आन्दोलनको सिंहावलोकन गर्दा त्यहाँ व्याप्त जात व्यवस्था र पितृसत्तावादलाई गम्भीरतापूर्वक ध्यान दिनु जरूरी छ । र अबको नयाँ कम्युनिस्ट आन्दोलनले त्यस्ता गैरकम्युनिस्ट प्रवृत्तिलाई परास्त गर्दै अघि बढाउने रणनीति बनाउनै पर्दछ ।

वि.सं. २०१७ को शाही 'कू' पछि केशरजङ्ग रायमाझी नाङ्गोरूपमा राजावादी मात्र बनेनन्, एक जमात कम्युनिस्टलाई राजावादीमा पतन गराए । त्यसपछि सैद्धान्तिकरूपमा तीव्र विलचन शृङ्खला शुरू भयो । २०१९ मा गएको तेस्रो महाधिवेशनमा रूसी संशोधनवाद हावी भयो र तुलसीलाल अमात्यद्वारा प्रस्तुत राष्ट्रिय प्रजातन्त्र नामक संशोधनवादी लाइन पारित भयो । एकातिर लाइन गलत पारित भयो भने अर्कोतिर उनको नेतृत्व नै सिङ्गै पार्टीमा स्वीकार्य भएन र कम्युनिस्ट पार्टी केन्द्रविहीन बन्न पुग्यो । त्यसपछि कम्युनिस्ट आन्दोलनमा विभिन्न कोणबाट पुनर्गठनको प्रक्रिया शुरू भयो । वि.सं. २०२२ सालमा वामपन्थी विद्यार्थीहरूले गठन गरेको अनेरास्ववियुले कम्युनिस्ट आन्दोलनको क्रान्तिकारी धाराको पुनर्गठन प्रक्रियामा महत्त्वपूर्ण योगदान पुर्‍यायो । यो विषय इतिहासमा ओझेलमा परेको छ, जसलाई सतहमा ल्याएर स्थापित गर्नुपर्दछ । वि.सं. २०२५ मा नयाँ जनवादी स्पष्ट कार्यक्रमसहित पुष्पलालको नेतृत्वमा पार्टी पुनर्गठनको एउटा धारा अगाडि बढ्यो । त्यसैगरी झापालाई केन्द्र बनाएर पूर्वका युवा कम्युनिस्टहरूले झापा विद्रोहसहितको अर्डिनेशन कमिटी बनाएर अर्को धारा अघि बढ्यो । झापा विद्रोहको फौजी लाइन 'एक युनिट, एक स्क्वायड, एक एक्शन'; भारतीय नक्सलवादको एक समयको सोचको अन्ध नक्कल मात्र थिएन, सिद्धान्ततः त्यो वामपन्थी भड्काव नै थियो । त्यति हुँदाहुँदै पनि त्यो क्रान्तिकारीहरूले पार्टी पुनर्गठनका निम्ति चालेको गौरवशाली पहल थियो । यो धारा २०३५ मा पुग्दा नेकपा (माले) बन्न पुग्यो । अर्कोतर्फ मोहन विक्रम पुग्यो । अर्को तर्फ मोहन विक्रम सिंह, निर्मल लामाहरूको पहलमा केन्द्रीय न्युकलस गठन गरेर पुनर्गठन गर्दै २०३१ सालमा चौथो महाधिवेशन गर्न पुग्यो । यसरी २०२२ देखि २०४५ सम्मको अवधि कम्युनिस्ट जनमतको विस्तार, स्थानीय सामन्त विरोधी सङ्घर्ष, शहरमा मजदूर वर्गीय र विद्यार्थी सङ्घर्षहरू तथा भीषण वैचारिक सङ्घर्षमा मूल रूपमा बितेको देखिन्छ ।

वि.सं. २००७ सालमा पछि कम्युनिस्ट पार्टीको नेतृत्वमा २००८ सालमा भएको बागमती उपत्यकाको सांखुको किसान विद्रोह, जसले किसानहरूलाई थोरै जमीन बाँड्न सफल भएको थियो । वि.सं. २००९–१० सालको पश्चिम नेपालमा भीमदत्त पन्तको नेतृत्वमा भएको सशस्त्र विद्रोह जसलाई त्यतिबेलाको कम्युनिस्ट पार्टीले आफ्नो एजेन्डामा जोड्नै सकेको पाइन्न । २००८ सालमा थरूहटमा भएको किसान विद्रोह जसलाई दमन गर्न पहिलोपटक भारतीय सेना नेपाल प्रवेश गरेको थियो । वि.सं. २००९ देखि २०१२ सम्म बारा, रौतहट अर्थात् भोजपुर क्षेत्रमा चलेको किसान आन्दोलन, २०२८ को झापा विद्रोह, २०३४ को चितवनको जुगेडी विद्रोह र २०३६ मा चितवनकै जुटपानी विद्रोह, २०३१ पछि पूर्वी तराई सिरहा–सप्तरीमा भएका किसान सङ्घर्षहरू र २०२१ पछि बागमती उपत्यकामा चलेको मोही किसान सङ्घर्ष, २०३५–३६ को विद्यार्थी आन्दोलनमा वामपन्थीहरूले खेलेको भूमिका र सयौं गाउँहरूमा भएका तमसुक च्यात्ने अभियानहरू नै उल्लेखनीय छन् । यसबीच कम्युनिस्ट आन्दोलनमा भएको सबैभन्दा ठूलो गल्ती भनेको २०३७ को जनमत सङ्ग्रहमा पञ्चायतविरुद्ध वाम एकता कायम गर्न नसक्नुरह्यो । यदि त्यतिखेर पञ्चायतविरुद्ध एक ढिक्का भएर कम्युनिस्ट तथा वामपन्थीहरू उभिएका भए पञ्चायत दश वर्ष लम्बिन सम्भव नै थिएन । २०३७ को गल्ती २०४५–४६ को आन्दोलनमा आधारभूत रूपमा सच्याइएको हुनाले नै राजनीतिक रूपमा पञ्चायत व्यवस्थाको अन्त्य सम्भव हुन पुग्यो । २०४६ को परिवर्तन र २०४७ को संविधान निर्माणपछि कम्युनिस्ट आन्दोलन स्पष्ट दुई धारामा विभक्त भयो । पहिलो, संसद्वाद विरोधी क्रान्तिकारी धार जसको मुख्य प्रतिनिधित्व नेकपा (एकता केन्द्र) ले गर्‍यो भने दोस्रो दक्षिणपन्थी संशोधनवादी (छद्म पूँजीवादी) धार जसको मुख्य नेतृत्व नेकपा (एमाले) ले गर्न थाल्यो । पहिलो धारसँग सम्बन्धितहरू संसदवादका विरुद्ध नयाँ जनवादी क्रान्तिका पक्षमा जनयुद्ध वा जनान्दोलन उठाउन लागे भने दोस्रो धार संसदीय व्यवस्थामा आत्मसमर्पण गरेर त्यसको रक्षक बनेर उभियो । यता २०५२ साल फागुन १ गतेदेखि शुरू भई दश वर्ष चलेको जनयुद्ध नेपाली इतिहासमा सबैभन्दा ठूलो नेपाली जनताको विद्रोह थियो । त्यो यस्तो बेलामा चलेको थियो, जब संसारभरि कम्युनिस्टहरू सङ्कटग्रस्त थिए । दश वर्षको जनयुद्धले नेपाली समाजको पिंधमा रहेको सामन्तवादलाई भताभुङ्ग पार्नेगरी हल्लाइदियो । प्रतिक्रियावादी वर्गबीच अन्तर्विरोधलाई सबैभन्दा बढी थर्काइदियो । यसले विश्वव्यापी रूपमा श्रमिक वर्गमा आशा र उत्साहको सञ्चार गर्‍यो । जनयुद्धले जात व्यवस्था, पितृसत्ता, जातीय र क्षेत्रीय उत्पीडनका कारण प्रगतिदेखि कोशौं टाढा रहेका महिला, दलित, जनजाति, मधेसी र पिछडिएका क्षेत्रका लाखौं मानिसमा जागरणकारी चेतनाको सञ्चार गर्‍यो । त्यस्ता समुदायबाट अकल्पनीयरूपमा हजारौं कार्यकर्ताको उत्पादन भयो । यसरी देश भित्र त्यो स्तरमा वामपन्थ विकास हुनुको अरू धेरै कारणाको अलावा जनयुद्ध दक्षिण एशियामा पहिलोचोटि उत्पीडित राष्ट्रियता, उत्पीडित क्षेत्रको मुद्दा उठाएर त्यससँग सम्बन्धित जनतालाई समानान्तर शासक बनाउनेगरी व्यवहार लागू गर्न शुरू गरिएको थियो । त्यसैगरी महिला दलित र मुस्लिमलाई विशेष अधिकारको अभ्यास थोरै भएपनि, व्यवहारमा शुरू गरिएको थियो ।

तर क्रान्तिलाई नयाँ ढङ्गले निरन्तरता दिने घोषित राजनीतिसहित शान्ति प्रक्रिया शुरू भएपछि जनयुद्धको नेतृत्वको मूल डफ्फामा क्रमशः अस्पष्टता, स्खलन, ढुलमुलपन र तदर्थवाद हुँदै तीव्र गतिमा समस्याहरू प्रकट हुँदै गयो । प्रचण्डलगायत नेतृत्वको मूल डफ्फा कम्युनिस्ट आन्दोलनमा निम्न मध्यम वर्ग, कथित हिन्दू उच्च जात तथा मतवाली जनजातिबाट आएको थियो ।

# वर्षाले तीन सडक पूर्ण र १२ आंशिक अवरुद्ध

काठमाडौं, २७ साउन/रासस

वर्षाले हाल तीन पूर्ण र १२ सडक आंशिकरूपमा अवरुद्ध छन् ।

कर्णाली राजमार्ग, साँफेबगर–मार्तडी–कोल्टी सडक र बालाजु–त्रिशूली–धुन्चे–स्याप्रुबेंसी सडकका विभिन्न खण्डका सडक अवरुद्ध छन् । कर्णाली राजमार्ग अन्तर्गत जुम्लाको सुर्कीपाखा र दादीखोलामा पहिरोका कारण सडक अवरुद्ध रहेकामा एउटा निजी सवारीसाधन भाडामा लिएर खुलाउने प्रयास भइरहेको डिभिजन सडक कार्यालय जुम्लाले जनाएको छ ।

साँफेबगर–मार्तडी–कोल्टी सडक बाजुराको अम्कोटदेखि बल्दे खण्ड अवरुद्ध रहेकामा खुलाउन उपकरण सो स्थानमा लगिएको छ । वर्षात् र लेदो रोकिएपछि सोही स्थानबाट यातायात खुलाइने र वैकल्पिक बाटोका लागि सहमति जुटाउने प्रयास भइरहेको सडक विभागले जनाएको छ । बालाजु–त्रिशूली–धुन्चे–स्याफ्रुबेंसी सडक रसुवाको बनुवामा अवरूद्ध भएकामा वैकल्पिक सडक खुलाएर साना गाडी जाने व्यवस्था मिलाइएको डिभिजन सडक कार्यालय नुवाकोटले जनाएको छ ।

वर्षाले अवरुद्ध १२ सडकमा रहेको अवरोध हटाएर हाल एकातर्फबाट सवारीसाधन चल्न सक्ने व्यवस्था मिलाइएको छ । कोशी राजमार्ग, पृथ्वी, त्रिभुवन राजमार्ग, डुम्रे–बेंसीशहर–चामे सडक, कर्णाली राजमार्ग र पुष्पलाल (मध्यपहाडी) राजमार्गका विभिन्न खण्डमा बाढी र पहिरोका कारण अवरुद्ध बनेकामा हाल आंशिकरूपमा खुलाइएको छ । कोशी राजमार्ग अन्तर्गत सङ्खुवासभाको सम्माटार, पृथ्वी राजमार्गको तनहुँको साँखर (बाँसबारी), त्रिभुवन राजपथमा मकवानपुरको छत्तीस खोला, डुम्रे–बेंसीशहर–चामे सडक अन्तर्गत लमजुङको उदीपुर, मनाङको म्यार्दी भीरमा सडक एकातर्फबाट मात्रै खुलाइएको छ । त्यस्तै, कोशी राजमार्ग अन्तर्गत सङ्खुवासभाको फक्सिन्डा दोभानबाट वरुण खोला, तानसेन–रिडी–कोरला अन्तर्गत मुस्ताङको काभ्रे भीर,



पुष्पलाल (मध्यपहाडी) राजमार्ग अन्तर्गत बागलुङको खहरे दोबिल्ला, कर्णाली राजमार्ग अन्तर्गत कालीकोटको जारकोटमा पनि आंशिकरूपमा मात्रै सञ्चालनमा छन् । यो वर्ष अवरुद्ध भएकामध्ये हाल ११५ स्थानमा सडक दुवैतर्फ चालू भइसकेका छन् । यो वर्ष २१ राजमार्गका १२८ स्थानमा सडक अवरुद्ध भएको विभागले जनाएको छ ।

# स्कार्पियोको ठक्करबाट बालिकाको मृत्यु

प्रस, सिम्रौनगढ, २७ साउन/

सिम्रौनगढ सीमावर्ती क्षेत्र भारतको झरोखरनजीक अमवा डमार चोकमा स्कार्पियाको ठक्करबाट एकजना बालिकाको ज्यान गएको छ ।

मृत्यु हुनेमा किसुनपुर पञ्चायत–५ निवासी शमशाद आलमकी छोरी अफिना खातुन रहेकी छन् ।

स्कार्पियो सफा गराएर सुकाउनका लागि सडकबाट आम बगैंचातिर लगिरहेको बेला बगैंचानजीक खेलिरहेकी खातुनलाई ठक्कर दिएको थियो । घटनामा टाउकोमा चोट लागेको कारण बालिकाको घटनास्थलमैं मृत्यु भएको स्थानीयले बताए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# विद्यालय शिक्षाबाट वञ्चित दशौं हजार अफगान बालिकाहरूको भविष्य अनिश्चित

काबुल, २७ साउन/एपी

अफगानिस्तानको शासन व्यवस्था तालिबानले सम्हालेको एक वर्ष भयो। एक वर्षदेखि देशका अधिकांश किशोरकिशोरीले कक्षाकोठामा पाइला राख्न पाएका छैनन्।


तस्वीरः एपी

महिलाप्रतिको तालिबानको कठोर निर्णयले विशेषगरी किशोरीहरू विद्यालय शिक्षाबाट वञ्चित भएका छन्। सत्तारूढ तालिबानले उनीहरूलाई विद्यालयमा फर्कन अनुमति दिने कुनै सङ्केत नदेखाएकाले केही समाजसेवीले किशोरी पुस्ताको शिक्षालाई निरन्तरता दिने उपाय खोजिरहेका छन्।

काबुलको एउटा घरमा सोदाबा नाजहन्दले भूमिगतरूपमा स्थापना गरेको अनौपचारिक विद्यालयमा पढ्न दर्जनौं केटी भेला भएका छन्। सोदाबा र उनकी बहिनी माध्यमिक विद्यालयका ती केटीलाई अङ्ग्रेजी, विज्ञान र गणित पढाउँछिन्।

महिलाहरूको शिक्षा र काम गर्न पाउने अधिकार खोस्ने तालिबानलाई गतिलो जवाफ दिन सोदाबाले केटीहरूलाई पढाएर त्यो कठोर निर्णयविरुद्ध आफू खडा भएको बताइन्। ६ कक्षासम्मका किशोरीलाई विद्यालय जानबाट तालिबानले प्रतिबन्ध लगाएपछि भूमिगतरूपमा उनले अनौपचारिक विद्यालय सञ्चालन गरेकी हुन्।

तालिबानले महिलाहरूलाई विश्वविद्यालय जान अनुमति दिए पनि उच्च माध्यमिक विद्यालयबाट उत्तीर्ण भएका किशोरी नहुँदा त्यो अनुमति अप्रासङ्गिक भएको उनको ठम्म्याइ छ। विश्वविद्यालय र माध्यमिक विद्यालयबीचको विशाल रिक्ततालाई सम्बोधन गर्ने कुनै उपाय नहुँदा उनी ज्यादै दुःखी र चिन्तित छन्।

सहायता निकाय सेभ द चिल्ड्रेनले शिक्षामा लगाइएको प्रतिबन्धको प्रभाव मूल्याङ्कन गर्न देशका सात प्रान्तमा नौदेखि १७ वर्ष उमेर समूहका करीब एक हजार ७०० केटाकेटीसँग अन्तर्वार्ता लिएको थियो। सेभ द चिल्ड्रेनले दुई महीना लगाएर गरेको सर्वेक्षणमा किशोरहरूको तुलनामा धेरै किशोरी विद्यालय जान नपाएको देखाइएको छ।

गत बुधवार सार्वजनिक गरिएको सर्वेक्षण अनुसार २० प्रतिशत किशोरको तुलनामा ४५ प्रतिशतभन्दा बढी किशोरी विद्यालय नगएको पाइएको छ। सोह्र प्रतिशत केटाको तुलनामा २६ प्रतिशत केटीमा अवसादका लक्षण देखिएको छ।

पहिलेदेखि नै चरम गरीबीको दुष्चक्रमा फसेका अफगानिस्तानका जनता अतिवादी समूह तालिबानले सत्ता कब्जा गरेपछि विश्व समुदायबाट पाउने वित्तीय सहायताबाट पनि वञ्चित भए। कमजोर आर्थिक अवस्था भएका लाखौंलाई भोकभोकै बस्न बाध्य बनायो।

शिक्षक, अभिभावक र विज्ञहरू सबैले देशको बिग्रँदो अर्थतन्त्रप्रति गहिरो चिन्ता व्यक्त गर्दै आफ्ना छोरीहरूको पढाइ रोकिएकामा रोष प्रकट गरेका छन्। तालिबानको अव्यावहारिक निर्णयले अन्ततोगत्वा छोरीहरूको भविष्य अन्धकारतर्फ धकेलेको छ। महिलामाथि काममा लगाइएको प्रतिबन्ध, पोशाकको नियमले छोरीचेली नराम्ररी प्रताडित भएका छन्। आँखाबाहेक शरीर पूरै ढाक्नुपर्ने आदेश पालना गर्न विवश छन्, उनीहरू। यद्यपि त्यो आदेशको पनि कहिलेकाहीं उल्लङ्घन भएको छ।

अन्तर्राष्ट्रिय समुदायले तालिबानसँग सबै उमेर समूहका नारीका लागि विद्यालय खोल्न माग गरिरहेको छ। संयुक्त राज्य अमेरिका र युरोपेली सङ्घले तालिबानमार्फत वित्तीय सहायता उपलब्ध नगराइ अफगानिस्तानका शिक्षकहरूलाई सोझै तलब दिने योजना बनाएका छन्।

कतिपयले किशोरीहरूलाई विद्यालय फर्काउने चाहेका छन् भने केहीले त्यसप्रति आपत्ति जनाएका छन्। धर्मका नाममा उनीहरूलाई आधारभूत अधिकारबाट वञ्चित गर्न नहुने मत तालिबानभित्रैबाट व्यक्त भएको छ। विश्व समुदायसँगको सम्बन्ध सुधारका निम्ति पनि महिलामाथिको अमानवीय प्रतिबन्ध हटाउनुपर्ने पक्षमा आवाज उठिरहेको छ।

सन् १९९० को दशकमा अफगानिस्तानमा पहिलोपटक शासन गर्दा तालिबानले महिलाहरूमाथि धेरै कडा प्रतिबन्ध लगाएको थियो। त्यति बेला किशोरीहरू विद्यालय जान पाएनन् भने घरबाट बाहिर निस्कँदा अनिवार्यरूपमा बुर्का लगाउनुपर्ने उर्दी पालना गर्न विवश भए।

तालिबान सत्ताबाट हटेको २० वर्षपछिको अवधिमा शहरी क्षेत्रका महिलाहरूको एउटा पूरै पुस्ता विद्यालय र काममा फर्कियो। देशमा क्रमिकरूपमा भएका परिवर्तनलाई स्वीकार गर्दै तालिबानले पनि आफ्ना नागरिकमाथि विगतको जस्तो व्यवहार नगर्ने आश्वासन दियो। गत वर्ष फेरि सत्ता आफ्नो नियन्त्रणमा लिएपछि उसले त्यो आश्वासन दोहोऱ्यायो तर त्यसलाई कार्यान्वयन भने गरेन।

केही सरकारी अधिकारीहरूले किशोरीहरूलाई विद्यालय फर्कन दिने सार्वजनिक अभिव्यक्ति पनि दिएका छन्। उनीहरूले त्यो इस्लामिक ढाँचा सुनिश्चित गर्नेगरी हुने पनि बताएका छन्। सरकारी अधिकारीहरूको उक्त भनाइ अझै कार्यान्वयन भएको छैन।

सोह्र वर्षीया शेकिबा कादेरीले विद्यालय जान नपाएपछि घरमैं पढाइलाई निरन्तरता दिइरहेकी छन्। उनी पाठ्यपुस्तक, उपन्यास र इतिहासका पुस्तक पढिरहेकी छन् भने चलचित्र र युट्युब भिडियोमार्फत अङ्ग्रेजी सिकिरहेकी छन्। शेकिबा र उनकी कान्छी बहिनी विद्यालय जाँदैनन् तर उनका दुई भाइ सधैं विद्यालय पुग्छन्। उनकी दिदी एउटा निजी विश्वविद्यालयमा कानून अध्ययनरत छिन्।

तालिबानले सत्ता कब्जा गरेको एक महीनापछि नाजहन्दले आफ्नो घरनजीकको पार्कमा अनौपचारिक कक्षा सञ्चालन गरिन्, जहाँ उनले सडक बालबालिकालाई पढ्न सिकाइन्। लेखपढ गर्न नसक्ने महिलाहरू पनि बिस्तारै उनको पार्ककक्षामा आए। उनलाई पार्कमा पढाइरहेको देखेपछि एकजना परोपकारीले कक्षा सञ्चालनका निम्ति एउटा घर भाडामा लिइदिए र आवश्यक फर्निचरको व्यवस्था पनि गरिदिए। नाजहन्दको भूमिगत विद्यालयमा अहिले छैटौं कक्षाभन्दा माथिका ५० भन्दा धेरै विद्यालयका छात्रासहित २५० जना विद्यार्थीलाई पढिरहेका छन्।

नाजहन्दको भूमिगत विद्यालय विद्यार्थीहरूको लागि जीवनको महत्त्वपूर्ण स्थल बनेको छ। उनले शिष्यहरूलाई विद्यालयका पुस्तकका अतिरिक्त आफ्नो अधिकारका निम्ति सङ्घर्ष गर्न पनि सिकाइरहेकी छन्। उनका अनुसार सन् १९९० दशकको उत्तरार्द्धमा सत्तामा आएको तालिबान र अहिलको तालिबानमा कुनै अन्तर छैन।

नाजहन्द आफ्नो विद्यालयको भविष्यलाई लिएर पनि चिन्तित छन्। विद्यालय सञ्चालनमा सहयोग गरेका ती दाता अब यो दुनियाँमा छैनन्। उनले छ महीनाको घरभाडासहित अन्य आवश्यक सामग्रीको प्रबन्ध गरिदिएका थिए। नाजहन्दसँग घरभाडा तिर्ने र अन्य आवश्यक वस्तु खरीद गर्ने कुनै उपाय छैन। रासस

# एफबिआईको कार्यालयमा एकजना मारिए

वाशिङ्टन, २७ साउन/सिन्ह्वा

सिन्सिनाटीस्थित सङ्घीय अनुसन्धान ब्यूरो (एफबिआई)को कार्यालयमा प्रवेश गर्न खोज्ने एकजना हतियारधारीको कानून कार्यान्वयन निकायका अधिकारीहरूसँगको झडपमा मृत्यु भएको छ।

बिहीवार बिहान हतियार बोकेको एकजनाले एफबिआईको कार्यालयमा जबरजस्ती पस्ने प्रयास गरेको र उसले कार्यालय प्रवेशपूर्वको सुरक्षा प्रक्रिया उल्लङ्घन गरेपछि केहीबेर भनाभन भएको थियो। सुरक्षा अधिकारीहरूले सम्झाउने प्रयास गर्दा ती हतियारधारीले गोली चलाएपछि जवाफी कारबाहीमा उसको मृत्यु भएको हो।

घटनास्थलमा नै ती हतियारधारी संदिग्धको ज्यान गएको ओहायोको प्रहरीले जनाएको छ।

कानून कार्यान्वयन एकाइका अधिकारीहरूले ती संदिग्धलाई छलफल तथा कम घातक रणनीति अख्तियार गरेर नियन्त्रणमा लिने प्रयास गरेको तर निज त्यहाँबाट भागेको र पुनः पक्राउको प्रयास गर्दा गोली प्रहार गरेकोले सुरक्षाकर्मीहरूको जवाफी कारबाहीमा निजको मृत्यु भएको प्रहरीको भनाइ छ।

एफबिआईको कार्यालयमा हतियारसहित प्रवेश गर्ने निजको प्रयास, त्यसको मनसाय के थियो भन्ने स्पष्ट भएको छैन।

अधिकारीहरूले त्यसको अनुसन्धान गरिरहेका छन्। यो घटना पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको फ्लोरिडा पामबिचस्थित निवासमा एफबिआईले छापा मारेको केही दिनपछि भएको हो। रासस

# ज्येष्ठ नागरिकको अभिभावकत्व राज्यले लिन्छ -मन्त्री रेग्मी

काठमाडौं, २७ साउन/रासस

सरकारले अब ज्येष्ठ नागरिकको सबै किसिमका जिम्मा आफैंले लिने भएको छ। छोराछोरीले अंश लिने तर बाबुआमालाई घरमैं उचित लालनपालन र पालनपोषण नगरी आश्रम लगेर राख्ने वा हेरविचार नगर्ने अवस्था आएको भन्दै स्थानीय सरकारमार्फत जिम्मा लिने तयारी भएको हो।

स्थानीय तहले हेरचाह गरेको अवस्थामा सम्पत्तिको स्वामित्व स्थानीय सरकार मातहत जानेछ। यसरी आफ्नो कर्तव्य पूरा नगरी अंशसमेत खान नपाउने व्यवस्थाले समाजमा ज्येष्ठ नागरिकलाई हेर्ने दृष्टिकोण, व्यवहार परिवर्तन गरी सुसंस्कृत समाज निर्माण गर्न बल पुग्नेछ। समग्रमा यस विधेयकले ज्येष्ठ नागरिकप्रति परिवार र स्थानीय सरकारलाई उत्तरदायी बनाएको छ।

त्यस्ता ज्येष्ठ नागरिकका नाममा भएको सम्पत्ति पनि सरकारले नै लिने र हेरचाह पनि सरकारले नै गर्नेगरी हालै संसद्बाट पारित भएको ज्येष्ठ नागरिकसम्बन्धी विधेयकले विशेष व्यवस्था गरेको छ। संसद्बाट पारित भई प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष प्रस्तुत गरिएको छ। सो विधेयकका सन्दर्भमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री उमा रेग्मीसँग राष्ट्रिय समाचार समिति (रासस)का आलेख समाचार प्रमुख कृष्ण अधिकारी र सहायक समाचारदाता शर्मिला पाठकले गरेको कुराकानीको सम्पादित अंशः

**संसद्को दुवै सदनबाट ज्येष्ठ नागरिकसम्बन्धी पहिलो संशोधन विधेयक पारित भएको छ, यसलाई यहाँले कसरी हेर्नुभएको छ ?**

ज्येष्ठ नागरिकको हेरचाह र पालनपोषणलाई सन्तानको बाध्यकारी दायित्व बनाउँदै सङ्घीय संसद्ले ज्येष्ठ नागरिकसम्बन्धी पहिलो संशोधन विधेयक पास गरेको छ। ज्येष्ठ नागरिक ऐन, २०६३ लाई संशोधन गर्न बनेको यो विधेयक राष्ट्रियसभाले २०७५ फागुनमा पारित गरेको थियो भने प्रतिनिधिसभाले यही साउन ४ गते पारित गरेको छ। यस विधेयकले ज्येष्ठ नागरिकप्रति सन्तानको दायित्वलाई बाध्यकारी बनाएको छ। ज्येष्ठ नागरिक परिवार र सन्तानका लागि बोझ बनिरहेका र वृद्धाश्रममा पठाउने काम भइरहेकोले उनीहरूलाई नसिहत दिने व्यवस्था गर्न जरुरी थियो। त्यसैले स्थानीय तहले सन्तान र परिवारलाई दण्डित गर्ने र ज्येष्ठ नागरिकको संरक्षण गर्ने व्यवस्था गर्नेगरी विधेयक ल्याएको हो। नेपाली समाजमा आमाबुबाले कमाएको सम्पत्ति विभिन्न बहानामा माग्ने र आमाबुबा अशक्त हुँदा सार्वजनिक पाटीमा वास बसाउने क्रम बढ्न थालेपछि सरकारले ज्येष्ठ नागरिकको सुरक्षालाई ध्यानमा राखी संशोधित विधेयकको आवश्यकता बोध भएको हो। यसले ज्येष्ठ नागरिकको अधिकार संरक्षणमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु।

**विधेयक कार्यान्वयनका सन्दर्भमा ज्येष्ठ नागरिकहरूलाई यहाँ के भन्न चाहनुहुन्छ ?**



वृद्धावस्थामा हेरविचार नगर्ने छोराछोरीलाई अंश नदिनुस्, जसले तपाईंको संरक्षण गर्छ, उसलाई नै जेजति भएको सम्पत्तिको हकवाला बनाउनुस्। जसले रेखदेख गर्छ, जसले पालनपोषण गर्छ, उसलाई आफ्नो सम्पत्ति प्रदान गर्न हरेक ज्येष्ठ नागरिक स्वतन्त्र हुनुहुन्छ। परिवारको खर्च चलाएर विभिन्न माध्यमबाट जगेडा गरेको सम्पत्तिबारे पनि छोराछोरीलाई जानकारी दिन आवश्यक छैन, आफूले सक्दैमा अशक्त अवस्थामा आफ्ना लागि जगेडा गर्न पनि म ज्येष्ठ नागकिलाई अनुरोध गर्दछु। अब कोही पनि ज्येष्ठ नागरिकले आफ्ना सन्तान वा सम्पत्तिको दाबेदारबाट उचित लालनपालन वा हेरचाह नपाउने वा अलपत्र अवस्थामा रहनुपर्ने अवस्था आउन दिँदैनौं। त्यस्तो अवस्था आएमा ज्येष्ठ नागरिकको जायजेथा वा अंशभाग भएमा स्थानीय तहले आफ्नो स्वामित्वमा ल्याइ निजको हकहितमा परिचालन गर्नेछ। कोही पनि ज्येष्ठ नागरिकले एक्लो वा असहाय भएको अनुभव गर्नुपर्ने छैन। उनीहरूको अभिभावकत्व राज्यले लिनेछ।

**ज्येष्ठ नागरिकका सम्बन्धमा यस विधेयकले महत्त्वपूर्ण व्यवस्था गरेको छ भन्नुभयो, त्यसका उल्लेखनीय प्रावधानहरू के के हुन् त ?**

समाजमा पढेलेखेकाले पनि आफ्ना अभिभावकलाई आश्रममा छाड्ने गरेकाले यस विधेयकमा उनीहरूका सवालमा सन्तानलाई उत्तरदायी बनाइएको छ। यस विधेयकमा विशेषगरी परिवारको व्याख्या गरिएको छ। यसमा छोराछोरी, बुहारी र छोरातर्फको सन्तानपछि छोरीतर्फको नातिनातिना पनि थप गरिएको छ। ज्येष्ठ नागरिकप्रति निजका सन्तानलाई नै यसले जिम्मेवार बनाउने विषय यसमा समावेश गरिएको छ। ज्येष्ठ नागरिकलाई सन्तानले लालनपालन, हेरविचार गरेनन् भने कानून अनुसार कोही हकवालालाई जिम्मा लिन मिल्ने विषय पनि यस विधेयकमा समावेश रहेको छ भने दुवैले जिम्मा लिने अवस्था नआए त्यसको सम्पूर्ण जिम्मा राज्यले लिनुपर्ने व्यवस्था यसमा स्पष्टरूपमा उल्लेख गरिएको छ। ज्येष्ठ नागरिकको परिवारको सदस्य, नातेदार वा हकवालाले पालनपोषण तथा हेरचाह नगरेको वा पालनपोषण तथा हेरचाह गर्ने अन्य हकवाला नभई अलपत्र अवस्थामा रहेका ज्येष्ठ नागरिकको जायजेथा वा अंशभाग भएमा स्थानीय तहले आफ्नो स्वामित्वमा ल्याइ ज्येष्ठ नागरिकको हकहितका लागि परिचालन गर्ने व्यवस्था गरिएको छ। यसरी बुबाआमाप्रति सन्तान उत्तरदायी भएन भने स्थानीय सरकारलाई उत्तरदायी बनाइएको छ।

यस विधेयकले परिवारलाई मात्र नभई छरछिमेकलाई समेत उत्तरदायी बनाउन खोजेको छ। कुनै परिवारमा ज्येष्ठ नागरिकप्रति दुर्व्यवहार वा कुनै पनि खालको हिंसा भएको जानकारी छिमेकीलाई थाहा भएमा उनीहरूले पनि त्यसको सूचना स्थानीय तहलाई गराउनुपर्छ। वृद्धवृद्धा स्वयंले उजूरी गर्न नसकेमा छिमेकीले उजूरी गरेमा पनि कानून आकर्षित हुने व्यवस्था गरिएको छ। ज्येष्ठ नागरिक राष्ट्रको गहना भएकाले उनीहरूको सीप, ज्ञानको उपयोग गर्नेतर्फ सबैले ध्यान दिनुपर्छ।

**ज्येष्ठ नागरिकले आफूलाई मर्का परेको विषयमा कसरी र कहाँ उजूरी गर्न सक्छन् ?**

अन्य नागरिकसरह ज्येष्ठ नागरिकले आफूलाई छोराछोरी वा अन्य हकवाला नातेदारले उचित पालनपोषण, हेरचाह नगरेमा त्यसबारे स्थानीय निकायको न्यायिक समितिमा उजूरी दिन सक्नेछन्। यस्तो उजूरी छोटो विधिबाट सुनुवाइ गर्न समितिले अलगै कार्यविधि तर्जुमा गर्न सक्नेछ। साथै, ज्येष्ठ नागरिकका मुद्दा हेर्नका लागि न्यायपरिषद्को परामर्शमा छुट्टै ज्येष्ठ नागरिक इजलास गठन गर्न सक्ने व्यवस्था पनि विधेयकमा गरिएको छ।

**आर्थिक अवस्था सम्पन्न भएका ज्येष्ठ नागरिकको लालनपालन गर्ने व्यक्ति नहुँदा पनि उनीहरूले अनेक समस्या झेल्नुपरेको छ। यसमा यहाँले के सोच्नुभएको छ ?**

हो, हाम्रो समाजमा आर्थिक हिसाबले सम्पन्न ज्येष्ठ नागरिकले पनि सहाराविहीन बन्नुपरेको छ। जापानलगायत धेरै देशमा नेपालबाट ज्येष्ठ नागरिकको हेरविचार गर्न रोजगारका लागि धेरै कामदार जाने गरेका छन्। अब हामी देशमैं यस किसिमको रोजगारको अवसर सिर्जना गर्दैछौं। नेपालमैं आर्थिक हिसाबले सम्पन्न ज्येष्ठ नागरिकको हेरचाह गर्ने व्यक्तिका लागि तालीम सञ्चालन गर्नेछौं र उनीहरूलाई स्वदेशमैं रोजगार दिनेछौं। यसका लागि आवश्यक प्रक्रिया अगाडि बढिसकेको छ। यसले राज्यलाई पनि फाइदा हुनेछ भने रोजगार पनि बढ्नेछ। आफ्नै आर्जन भएका वा विदेशमा रहेका छोराछोरीले बुबाआमाको हेरचाह गर्ने भरपर्दो व्यक्ति भएमा आवश्यक रकम पठाउन तयार रहेकाले यसलाई छिट्टै कार्यान्वयनमा ल्याउनेछौं। मैले आमाबुबा पालेको छु भन्नुभन्दा म आमाबुबासँग बसेको छु भन्ने सोच हरेक छोराछोरी र बुहारीमा आएमा ज्येष्ठ नागरिकका समस्या धेरै हदसम्म समाधान हुन सक्ने भएकोले हाम्रो सोचमैं परिवर्तनको खाँचो छ।

**छोराछोरीले कमाएको निश्चित रकम बुबाआमालाई दिनुपर्ने बाध्यात्मक व्यवस्थाको कार्यान्वयन कसरी हुन सक्दछ ?**

(बाँकी अन्तिम पातामा)

**मोटरसाइकल चोरी भएको सूचना**

चेसिस नं MBLJAW096N9B00662, इन्जिन नं JA05EGN9B00594 भएको मधेसप्रदेश ०३-०२३ प-४२२० नम्बरको हिरो कम्पनीको Super SM TL १२४.७ सिसीको रातो रङ्गको मोटरसाइकल २०७९/०४/२६ गते साँझ ७ बजे जीतपुरसिमरा उपमहानगर-७ जीतपुर बजारबाट चोरी भएको हुनाले नजिकको प्रहरी कार्यालयमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ।

- पारशनाथ प्रसाद कुर्मी
वीरगंज-१३, पर्सा
मो.नं. ९८५५०२३७९६

**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्यान्ह १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

घरबाट निस्केको फोहोर डस्टबिनमा फालौं, सभ्यताको परिचय दिऔं।

वीरगंज महानगरपालिका कार्यालय

# मनसुनी वर्षा : अहिलेसम्म कहाँ कति पानी पर्‍यो ?

काठमाडौं, २७ साउन/रासस

जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुन अवधिमा सरदरभन्दा बढी मनसुनी वर्षा हुने प्रक्षेपण गरेको छ। विभागको तथ्याङ्क अनुसार देशका अधिकांश स्थानमा हालसम्म सरदर वर्षा भएको छ। यो वर्ष जेठ १८ देखि साउन २६ (जून १ देखि अगस्त ११)सम्म जम्मा ८५८ दशमलव पाँच मिलिमिटर वर्षा भएको छ।

विभाग अन्तर्गतको हावापानी विश्लेषण शाखाका अनुसार कुल ७७ वटा केन्द्रको तथ्याङ्कमा सोही अवधिको सरदर वर्षा ८६८ दशमलव सात मिलिमिटर भएको छ। जस अनुसार साउन २६ सम्म सरदरको ९८ दशमलव नौ प्रतिशत वर्षा भएको हो। यो वर्ष सरदरभन्दा बढी मनसुनी वर्षा हुने हावापानी शाखाले आकलन गरेको छ। सरदर भन्नाले सन् १९९१ देखि २०२० सम्मको जून १ देखि अगस्त ११ सम्मको जम्मा वर्षाको वार्षिक औसत जनाउँछ।

हावापानी शाखाका मौसमविद् सुदर्शन हुमागाईंले मनसुन शुरू भएयता हालसम्म ८३५ दशमलव तीन मिलिमिटर अर्थात् ५६ दशमलव सात प्रतिशत वर्षा भएको जानकारी दिए। यो वर्षको मनसुनको औसत सरदर वर्षा एक हजार ४६२ मिलिमिटर हुने प्रक्षेपण गरिएको छ। उनले अझै दुई महीना वर्षा हुने भएकाले बढी वर्षा हुने आकलन गरिएको बताए।

प्रदेश नं १ र वाग्मती प्रदेशका साथै गण्डकी र सुदूरपश्चिम प्रदेशका धेरैजसो भूभागमा सरदरभन्दा बढी वर्षा भएको छ। मधेस प्रदेश र लुम्बिनी प्रदेशका धेरैजसो भूभागमा सरदरभन्दा कम वर्षा भएको छ।

नेपालमा यो वर्ष गत जेठ २२ गतेदेखि मनसुन प्रवेश गरेको थियो। जूनदेखि सेप्टेम्बरसम्म चार महीनाको अवधिलाई दक्षिण एशियाली क्षेत्रमा मनसुनको अवधि मानिन्छ। नेपालमा पूर्वी भेग भएर मनसुन भित्रिने गर्दछ। मनसुन अवधिमा एक हजार ५०० मिलिमिटर हाराहारी वर्षा हुने जनाइन्छ।

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् बिनु महर्जनले जारी मनसुनमा विशेषगरी देशका पहाडी भेगमा बढी वर्षा भएको तथा तुलनात्मकरूपमा तराई क्षेत्रमा कम वर्षा भएको बताइन्।

महाशाखाको पछिल्लो विवरणमा



हाल मनसुन न्यून चापीय रेखा नेपालको तराई पूर्वतर्फ सरदर स्थानको आसपास तथा पश्चिमतर्फ सरदर स्थानभन्दा दक्षिणमा अवस्थित रहेको छ।

हाल देशभर आंशिकदेखि सामान्य बदली रहेको छ। देशका थोरै स्थानमा मेघ/गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। राति देशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली र बाँकी भूभागमा आंशिक बदली रहनेछ। देशको पहाडी भूभागका थोरै स्थानमा मेघ/गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ।

आइतवार र सोमवार मौसम बदली भई देशका धेरैजसो स्थानमा मेघ/गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसमविद् महर्जनले जानकारी दिइन्। आज काठमाडौंको अधिकतम ३० दशमलव पाँच र न्यूनतम तापक्रम २० डिग्री सेल्सियस रहेको छ। वीरेन्द्रनगरमा १४ र पोखरामा १० मिलिमिटर वर्षा भएको छ। राजधानी काठमाडौंमा गएरातिदेखि वर्षा भएको छैन। बिहान मौसम खुले पनि अहिले उपत्यकाको आकाश आंशिक बदली रहेको छ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १) | सामुदायिक से.केन्द्र, मुर्ली | जनचेतना | श्रीपुर धर्मशाला | ७:३० |


## लागूऔषधरहित परिवार: स्वस्थ जीवनको आधार

- टोलाउने, लठ्ठ परिरहने, एकान्तमा बस्न रुचाउने,
- काममा जान मन नगर्ने, दुब्लाउँदै जाने, सरसफाइमा ध्यान नदिने,
- अनावश्यक खर्च गर्नेलगायत लागूऔषध दुर्व्यसनीका लक्षणहरू हुन सक्छन्।

यस्ता लक्षण देखिएमा समयमैं नजीकैको परामर्श केन्द्र वा चिकित्सकसँग सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड





# खेलकूदको संसार

## रक्षाबन्धनमा कुश्ती प्रतियोगिता

प्रस, परवानीपुर, २७ साउन/

बाराको प्रसौनी गाउँपालिका–१ नकटुवामा विराट कुश्ती दङ्गल प्रतियोगिता सम्पन्न भएको छ।




वडा कार्यालयको आयोजनामा रक्षाबन्धनको अवसर पारी सम्पन्न कुश्ती प्रतियोगितामा नेपाल र भारतका ख्यातिप्राप्त पहलवानहरूको ३८ जोड कुश्ती सम्पन्न भएको थियो।

प्रत्येक वर्ष रक्षाबन्धनको अवसरमा स्वास्थ्यचौकी प्रसौनी नजीक कुश्ती प्रतियोगिता आयोजना हुँदै आएको छ।

वडा नं १ का अध्यक्ष लालबाबू मुखिया बिनको अध्यक्षतामा सम्पन्न कुश्ती प्रतियोगिताको उद्घाटन प्रसौनी गापाका अध्यक्ष विनोद जयसवालले गरेका थिए।

कार्यक्रममा प्रसौनी गापाका प्रमुख प्रशासकीय अधिकृत सुनील केशरी, इलाका प्रहरी कार्यालय, प्रसौनी नौतनका प्रहरी निरीक्षक नरेन्द्रकुमार बोगटीलगायत स्थानीय नेता, कार्यकर्ताहरूको सहभागिता थियो।

## विश्वकप फूटबलको खेलतालिका परिवर्तन

जुरिच, २७ असार/रासस

विश्वभरका फूटबल खेलप्रेमीहरूले महाकुम्भको रूपमा लिएको विश्वकप फूटबल प्रतियोगिताको खेलतालिका परिवर्तन भएको छ। कतारमा आगामी मङ्सिर ५ गतेदेखि प्रारम्भ हुने फिफा वर्ल्डकप २०२२ एक दिनअगाडि अर्थात् मङ्सिर ४ गतेदेखि हुने भएको छ।

निर्धारित मितिभन्दा एक दिन अगाडि उद्घाटन समारोह र उद्घाटन खेल प्रतियोगिता आयोजक देश कतारसँग हुने कार्यतालिकामा केही हेरफेर गरिएको अन्तर्राष्ट्रिय फूटबल महासङ्घ (फिफा)ले घोषणा गरेको छ। मूल खेलतालिका अनुसार मङ्सिर ५ गतेका लागि निर्धारण गरिएको सेनेगल र नेदरल्यान्डस्बीचको खेल सोही दिन हुनेछ तर उद्घाटन समारोह र हरेक चार वर्षपछि हुने विश्वकप प्रतियोगिताको पहिलो खेल भने अब मङ्सिर ४ गते अपराह्न ७ बजे कतार र इक्वेडरबीच हुनेछ।

यसअघि मङ्सिर ५ गतेका लागि सेनेगल र नेदरल्यान्डस् तथा कतार र इक्वेडरबीच स्पर्धा हुने कार्यक्रम निर्धारण भएको थियो।

फिफाले विश्वकप फूटबल प्रतियोगितको परम्परा अनुसार खेल आयोजक राष्ट्र र डिफेन्डिङ च्याम्पियनबीच पहिलो स्पर्धा गराउने लामो समयदेखिको अभ्यासलाई सुनिश्चित गर्न पहिलो दिनको खेलतालिकामा केही परिवर्तन गरिएको स्पष्ट गरेको छ। बाँकी खेलहरू पूर्वनिर्धारित तालिका अनुसार सञ्चालन हुने पनि फिफाले प्रस्ट पारेको छ। रासस

## ज्येष्ठ नागरिक....

यस विधेयकले नियमित पारिश्रमिक, निवृत्तिभरण पाइरहेका तथा स्वरोजगार व्यक्तिले निश्चित रकम बुबाआमाका नाममा खाता खोली जम्मा गर्नुपर्छ। यसरी जम्मा गरेको जानकारी वार्षिकरूपमा व्यक्तिले स्थानीय तहलाई गराउनुपर्छ। रकम जम्मा नगरे उक्त छोराछोरीलाई सम्पत्ति लिने अधिकार पनि हुँदैन भने बुबाआमाले दायित्व भएका व्यक्ति कार्यरत संस्थामा उजूरी गर्न पाउने व्यवस्था गरिएको छ। कति रकम जम्मा गर्ने भन्ने विषय विधेयकमा नभए पनि पछि बन्ने नियमावलीमा स्पष्ट उल्लेख गरिनेछ। यसमा बुबाआमासँगै बस्छन् भने संयुक्त खाता खोल्ने र फरक–फरक बस्ने अवस्थामा फरक–फरक खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरिनेछ।

**विधेयकमा ज्येष्ठ नागरिकको सवालमा स्थानीय तहलाई बढी नै जिम्मेवार बनाउन खोजिएको देखिन्छ। के हाम्रा स्थानीय तहहरू ती प्रावधान कार्यान्वयन गर्न सक्षम छन् त ?**

विधेयक प्रमाणीकरण भई ऐन बनेपछि स्थानीय सरकारलाई यसमा जिम्मेवार बनाइनेछ। स्थानीय तहले ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालनको तयारी गर्नेछन्। दिवा स्याहार केन्द्र वा आवास गृहको प्रबन्ध गर्नुपर्ने हुन्छ। यसका लागि मन्त्रालयले सम्पूर्ण स्थानीय तहलाई बाध्यकारी तरीकाबाट सूचना प्रवाह गर्ने भनाइ छ। यस विधेयकलाई ज्येष्ठ नागरिकसमक्ष पुऱ्याउनका लागि स्थानीय तहले जनचेतनामूलक कार्यक्रम पनि सञ्चालन गर्नुपर्ने हुन्छ। अशक्त अवस्थामा रहेका अर्थात् घरबाहिर निस्कन नसक्ने ज्येष्ठ नागरिकको हकमा वृद्ध भत्ता पनि घरमैं पुऱ्याउने व्यवस्था गर्नुपर्छ भन्दै मन्त्रालयले सबै स्थानीय तहलाई पत्राचार गरेको भएपनि अझै धेरैले त्यसलाई कार्यान्वयन नगरेकाले तत्काल त्यसको कार्यान्वयन गर्न आग्रह गर्दछु।

**सरकारले यस वर्ष ज्येष्ठ नागरिकलाई दिने भत्ताको उमेर हद ७० वर्षबाट घटाएर ६८ वर्ष कायम गरेको छ। यसलाई कार्यान्वयन गर्न कतिको सहज देख्नुहुन्छ ?**

ज्येष्ठ नागरिकप्रति वर्तमान सरकार निकै उदार रहेको छ। वर्तमान सरकारले यस वर्षको बजेटमा ७० वर्षलाई घटाएर ६८ वर्ष कायम गरेको छ।

नेपालीहरूको औसत आयुको आसपास ७० वर्षमा भत्ता वितरण गरेर खासै उपलब्धि नहुने हुँदा हाललाई दुई वर्ष घटाएका छौं। अन्तर्राष्ट्रिय अभ्यासमा ६५ वर्षदेखि नै ज्येष्ठ नागरिक भत्ता पाउने व्यवस्था रहे पनि नेपालमा त्यसो गर्न सक्ने अवस्था छैन तर छिट्टै ६५ वर्षमैं ज्येष्ठ नागरिक भत्ता प्रदान गर्ने व्यवस्था गरिनेछ।

**ज्येष्ठ नागरिकका लागि छुट्टै अस्पताल बनाउने कुरा के भइरहेको छ नि !**

ज्येष्ठ नागरिकका लागि ५० शय्याको अस्पताल बनाउन डिपिआरको काम सम्पन्न भएको छ। उनीहरूका लागि एउटा मात्रै अस्पतालले नपुग्ने भएकोले गोठाटारबाहेक देशका अन्य स्थानमा पनि अस्पताल निर्माणका लागि छलफल भइरहेको छ। गोठाटारमा अस्पतालसँगै आश्रम पनि निर्माण गरिनेछ। त्यहाँको निर्माण काम सम्पन्न भएसँगै पशुपति वृद्धाश्रममा रहेका सबै आमाबुबालाई गोठाटार लैजाने तयारी मन्त्रालयको छ। वृद्धाश्रममा राखेर समाधान खोज्नुहुँदैन। वृद्धाश्रम बाध्यताको उपज रहेकोले घरलाई नै स्वर्ग बनाउँदै परिवारसँग बस्ने वातावरण बनाउनुपर्छ। जीवनभर कमाइ गरेर निर्माण गरेको घर नै ज्येष्ठ नागरिकको मन्दिर हो र सन्तान त्यसका पुजारी हुन्।

**अन्त्यमा केही भन्न चाहनुहुन्छ कि ?**

सन्तानले घरलाई नै स्वर्ग बनाएर बस्न सक्ने वातावरण निर्माण गर्नेगरी विधेयक आएको छ। अस्पताल र सार्वजनिक यातायातमा पनि ज्येष्ठ नागरिकलाई केही सहुलियतको व्यवस्था गरिएको भएपनि त्यो विषय पूर्णरूपमा कार्यान्वयन हुन नसकेकोले सम्बन्धित मन्त्रालयले त्यसतर्फ ध्यान दिन परिपत्र गरेका छौं। हामीले सन्तानलाई नै जिम्मेवार बनाउन खोजेका छौं। जिम्मेवारी वहन गर्न नखोजेको अवस्थामा ज्येष्ठ नागरिकलाई अलपत्र पार्न हुन्न भन्ने सरकारको मनसाय हो। त्यसैले हरेक छोराछोरीले भोलि आफू पनि वृद्ध भइन्छ भन्ने वास्तविकता बुझ्दै बुबाआमाको उचित पालनपोषण, हेरविचार गर्न सबैसँग आग्रह गर्दछु।

## गाँजासहित एकजना पक्राउ

प्रस, सिम्रौनगढ, २७ साउन/

नेपालबाट भारत गएको सवा तीन क्वीन्टल गाँजा भारतीय प्रहरीले बरामद गरेको छ।

भारत मोतिहारी जिल्ला सङ्ग्रामपुर थानाले गोप्य सूचनाको आधारमा २१ प्याकेट ३२५ किलो ९५० ग्राम गाँजासहित एकजनालाई पक्राउ गरेको छ।

जलवा गाउँ निवासी ४५ वर्षीय रितिया यादवलाई सिकन्दरापुर–ममलापुर सडकखण्डबाट पक्राउ गरेको र उनी चढेको कन्टेनरमा गाँजा बरामद भएको बताए। कन्टेनरका चालक भने फरार भएको प्रहरीले जनाएको छ।


## चोरीको मोटरसाइकलसहित तेली पक्राउ

प्रस, वीरगंज, २७ साउन/

पटेर्वासुगौली गाउँपालिका–३ मलाही टोलबाट प्रहरीले चोरीको मोटरसाइकलसहित एकजनालाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय, पटेर्वा सुगौलीका प्रहरी निरीक्षक किशोर आचार्यले गएराति मलाही निवासी दिनेशप्रसाद साह तेलीलाइ चोरीको मोटरसाइकल बिक्री गर्ने क्रममा पक्राउ गरेको हो।

प्रदेश२–०३–०२९ प ३७७८ नम्बरको मोटरसाइकलसहित पक्राउ परेका तेलीलाई आवश्यक कारबाहीको लागि जिप्रका, पर्साको जिम्मा लगाइएको छ।



रेलको छुकछुक-कुनै बखत वीरगंज-अमेलखगंजसम्म चल्ने रेलसेवा बन्द भएको करीब चार दशक भएको छ। तर परवानीपुरमा अहिले पनि रेल गुड्ने फलामे पुल यथावतै छ। अहिले छ लेनको सडक निर्माणको क्रममा रेलको लागि बनेको फलामे पुल हटाइएको अवशेष नियाल्दै बालबालिकाहरू। तस्वीरः पङ्कज श्रेष्ठ